संघीय संसद्

# राष्ट्रिय सभा

**छैठौं अधिवेशन**

**बैठक - ०५**

## सूचना पत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ जेठ २ गते शुक्रबार**

---

संघीय संसद्, राष्ट्रिय सभाको **छैठौं अधिवेशन**को **पाँचौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **साँझ ७:३० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीलाई सम्वत् २०७७ जेठ २ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनको प्रति सभामा टेबुल गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय दीनानाथ शर्मालाई राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम ३७ को उपनियम (२) बमोजिम सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनको लागि धन्यवादको प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु हुँदै माननीय शेखर कुमार सिंहलाई उक्त धन्यवादको प्रस्तावको समर्थन गर्न समय दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त धन्यवादको प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट गरिएको सम्वोधनमा उल्लिखित आ.व. २०७७।७८ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि छलफल गर्न र सम्माननीय प्रधानमन्त्रीबाट जवाफ दिनका लागि समेत यही मिति २०७७ जेठ ४ देखि ६ गते सम्मका दिनहरू निर्धारण गरिएको व्यहोरा जानकारी गराउनु हुँदै उक्त दिन आ. व. २०७७/०७८ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम माथि हुने छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूको नाम दलीय प्रतिनिधित्वको आधारमा बैठक प्रारम्भ हुनु कम्तीमा १ घण्टा अगावै कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा उपलब्ध गराइदिनु हुन समेत जानकारी गराउनुभयो । साथै, सम्माननीय अध्यक्षले उक्त नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम माथि संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरूले सोको सूचना सम्वत् २०७७ जेठ ३ गते बिहान ११:०० बजेदेखि दिनको २:०० बजेसम्म कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा दिन सक्ने व्यहोरा समेत जानकारी गराउनुभयो ।

तदन्तर, सम्माननीय अध्यक्षले अर्को बैठक २०७७ साल जेठ ४ गते आइतबार बिहान ११:०० बजे बस्ने गरी साँझ ७:४० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(डा. भरतराज गौतम)**

**संघीय संसदको महासचिव**